# अन्नपूर्ण गाउँपालिका

# गाउँसभाको २३ औं अधिवेशनको

## दोस्रो बैठकमा

गाउँपालिका उपाध्यक्ष श्री दिवा कुमारी तिलिजा पुन ज्यूले

प्रस्तुत गर्नु भएको

## आ.व. २०८३/०८४ को बजेट वक्तव्य

मितिः २०८३/०३/१०

**श्रद्धेय अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अन्नपूर्ण गाउँपालिकाको उपाध्यक्ष तथा गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमान प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु।

यस महत्वपूर्ण अवसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन र समानुपातिक समावेशी राज्य व्यवस्था स्थापनाका खातिर भएका आन्दोलन तथा सङ्घर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस क्रममा घाइते तथा बेपत्ता हुनुभएका व्यक्ति र वहाँका परिवारप्रति उच्च सम्मान व्यक्त गर्दछु। राजनीतिक परिवर्तनको ऐतिहासिक नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरूको सङ्घर्षपूर्ण योगदानको स्मरण गर्न चाहन्छु ।

स्थानीय तह निर्वाचन २०७९ बाट निर्वाचित भई पाँचौं पटक आगामी आ.व. २०८३/०८४ को लागि वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्व महसुस भएको छ।नागरिकको विकासप्रतिको उत्कट चाहना, युवापुस्ताको रोजगारीको अपेक्षा र संविधानको मर्मलाई केन्द्रविन्दुमा राखेर बजेट तथा कार्यक्रमलाई निर्देशित गरेको छु बिगतका बर्षहरुका अनुभब र सिकाईलाई प्रयोग गर्दै यस बर्ष बिगतका कमी कमजोरी सच्याउँदै परिष्कृत रुपमा वजेट ल्याउने जमर्को गरेका छौं।

गाउँपालिकाको आ.व. २०८३/०८४ लगायत गत विगत वर्षका वजेट तथा कार्यक्रम सफल कार्यान्वयनका लागि अहम भुमिका खेल्नु हुने जनप्रतिनिधीज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु र सम्वन्धीत सवै पक्षमा हार्दिक आभार व्यक्त गर्दछु।

नेपालको संविधान २०७२ मार्फत संघीयता संस्थागत गरी कार्यान्वयनको चरणमा छौं। विगतका वर्षहरुमा निर्माण भएका वजेट कार्यान्वयनको चरणमा जाँदा देखिएका कमी कमजोरी र समस्याहरुबाट अनुभव हाँसिल गर्दै, जनताको माग, चाहना र आवश्यक कार्यान्वयनको तत्परतालाई ध्यानमा राखि, देशले वि.स. २०८९ साल सम्ममा अति कम विकसित देशवाट विकसित देशमा स्तरोन्नती गर्ने र वि.स. २०८७ साल सम्म दीगो विकासका लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नती गर्नका लागि लिईएको समृद्ध नेपाल, सुखी नेपाली बनाउने राष्ट्रिय लक्ष्य पुरा गर्दै हामिले समृद्ध अन्नपूर्ण गाउँपालिका बनाउने संकल्प गरेका छौं।

अधिकारमा आधारित विकासको अवधारणा अनुसार स्थानीय बासीहरुलाई विकासमा मूल प्रबाहीकरण गर्ने र गुणस्तरीय सेवा सुविधा प्रदान गर्ने अवस्था सुनिश्चित गर्नका लागि जनताको सबैभन्दा नजिकको सरकारको रुपमा प्रत्यक्ष सरोकारका उल्लेखित विषयहरुलाई सम्बोधन गर्नका लागि गाउँपालिकाबाट घोषित लक्ष्य र उद्देश्यका साथ जनताबाट प्राप्त भएको जिम्मेवारीलाई इमान्दारितापूर्वक पूरा गर्नका लागि यस पालिकालाई "समृध्द अन्नपूर्ण निर्माणको आधार:दिगो कृषी पर्यटन उर्जा र उत्थानशिल पुर्वाधार" को दीर्घकालिन लक्ष्य तय गरी नेपालको

संविधान २०७२ को अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची, संघीय र प्रदेश सरकारले प्रदान गरेको वजेट सिलिङ, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७८ , सोह्रौ योजना, दिगो विकास लक्ष्य, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले तय गरेको "आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी" को दीर्घकालीन सोच र नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र अन्नपुर्ण गाउँपालिकाको आ.ब. २०८३/०८४ को निति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिएको छ। नेपाल सरकारका १०० बुंदे मार्गचित्र , राजनीतिक दलका घोषणापत्र, अन्नपुर्ण गाउँसभाका सदस्य, निजी क्षेत्र, नागरिक समाज, विद्वत वर्गका साथै आम नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई आत्मसाथ गरेको छु।

जनताको आवश्यकता, उपलब्ध स्रोत र साधनको परिचालन क्षमता एवम् नेपाल सरकार तथा प्रदेश सरकारको नीतिगत प्रतिबद्धतालाई मध्यनजर गर्दै; राज्य र नागरिकप्रतिको उच्चजिम्मेवारी एवम् उत्तरदायित्व बोधका साथ, गाउँपालिकाको  विद्यमान वित्तीय सामर्थ्य, राजस्वको आधार र बजेट सीमाभित्र रही न्यायोचित र उत्पादनमुखी हुने दिशामा बजेट लक्षित गरेको छु।

चालु आ.ब. मा संघीय सरकारबाट समानीकरण अनुदानमा गरिएको कटौतीका कारण सम्पन्न भएका कतिपय बिकास योजनाहरुको भुक्तानीमा चुनौती थपिएको छ भने आगामी आर्थिक बर्षका लागि प्राप्त हुने अनुदान संघीय सरकारबाट घटेको छ। यस कारण हामीले पालिकाको आन्तरिक आम्दानी बढाउँदै स्थानीय श्रोतको पहिचान र परिचालन गर्दै जन आकांक्षाहरुको सम्बोधन गर्न प्रयत्न गर्नुपर्ने अवस्था छ। प्रस्तुत बजेटलाई केवल अङ्क र वार्षिक कार्यक्रमको प्राविधिक दस्तावेजका रूपमा मात्र नभई इतिहासको जिम्मेवारी, वर्तमानका चुनौती र भविष्यको सपना साकार पार्ने हामी सबैको साझा सङ्कल्पका रूपमा लिएको छु। यो बजेट आम नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन, सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेका उपलब्धिको समन्यायिक वितरण सुनिश्चित गर्न तथा अन्नपूर्ण गाउँपालिका प्रति जनसाधारणको आशा, विश्वास र भरोसालाई अझ सुदृढ तुल्याउने एक दरिलो आर्थिक-सामाजिक रूपान्तरणको माध्यम बन्नेछ भन्ने पूर्ण विश्वास लिएको छु।

**श्रद्धेय अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अव म यस सम्मानित सभामा अन्नपुर्ण गाउँपालिकाको चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको कार्यान्वयन समीक्षा तथा समष्टिगत आर्थिक सामाजिक परिसुचकहरुको संक्षिप्त सिंहावलोकन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- पालिकाले आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। चालु आर्थिक वर्षमा राष्ट्रिय अर्थतन्त्र आधारभूत मूल्यमा ३.६८ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। सोही अवधिमा गण्डकी प्रदेशको अर्थतन्त्र ४.८३ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ।
- चालु आर्थिक वर्षको २०८२/०८३ को जेठ मसान्त सम्म कुल विनियोजित बजेटको ४९.१४ प्रतिशत खर्च भएको छ भने गत आर्थिक वर्षको सोही अवधिसम्म यस्तो खर्च ५८.९ प्रतिशत रहेको थियो।

भदौ २३ र २४ गतेको घटना,गाउँपालिकाको कर्मचारी व्यवस्थापनमा आएको परिवर्तन,अन्तर्राष्ट्रियस्तरको आपूर्ति श्रृङ्खलामा देखिएको अवरोध, निरन्तरको मुद्रास्फिति,शिथिल आन्तरिक बजार जस्ता परिस्थितिजन्य कारण गाउपालिकाको खर्च गत वर्षको तुलनामा न्यून रहन गएको हो।

- चालु आर्थिक वर्षका लागि अन्नपुर्ण गाउँपालिकाबाट रु ६१ करोड ४० लाख ०२ हजार बजेट विनियोजन भएकोमा ज्येष्ठ मसान्त सम्म ३० करोड १७ लाख ३६ हजार खर्च भई सुरु विनियोजनको ४९.१४ प्रतिशत खर्च भएको छ । आर्थिक वर्षको अन्त्यसम्ममा ७५ प्रतिशत खर्च हुने संशोधित अनुमान गरेको छु ।
- चालु आर्थिक वर्षमा विनियोजित रकम मध्ये आन्तरिक स्रोतबाट रु.११ करोड ५ लाख २७ हजार आन्तरिक स्रोत सङ्कलन गर्ने लक्ष्य लिइएकोमा ज्येष्ठ मसान्तसम्म रु. ७ करोड ५४ हजार सङ्कलन भई लक्ष्यको तुलनामा ६५.२० प्रतिशत प्रगति भएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.७० प्रतिशतले बढी हो ।
- गाउँपालिकाको न्यायिक समिति अन्तरगतका मेलमिलापकर्ताहरूको समयानुकूल ज्ञान, सीप र दक्षता बढाउन चालु आ.व.मा वडाहरूमा रहेका मेलमिलापकर्ता र गाउँसभा अन्तरगतको लेखा समितिका पदाधिकारी हरूलाई प्रशिक्षण प्रदान गरिएको छ ।
- सेवा प्रवाहको अत्यधिक चाप वडा कार्यालयहरूमा रहने गरेको तथ्यलाई आत्मसात् गरी गाउपालिकाका ८ वटा वडा कार्यालयहरू आफ्नै व्यवस्थित भवनबाट सेवा प्रवाह भइरहेको छ । सेवा प्रवाह र विकास निर्माण कार्यमा वडा कार्यालयहरूलाई साधनस्रोतयुक्त, जिम्मेवार र अधिकार सम्पन्न बनाउँदै लगिएको छ ।
- विपद् व्यवस्थापन कार्यमा संलग्न विभिन्न वडाका सामुदायिक विपदमा स्वयंसेवक र गाउँपालिकामा कार्यरत सामुदायिक विपद् स्वयंसेवक तालिम प्रदान गरिएको छ । पालिकाको विपद् व्यवस्थापन कोषमा विनियोजित रकमबाट विपदमा परेका नागरिकहरूलाई राहत वितरण गर्नुका साथै विपदबाट क्षतिग्रस्त पूर्वाधारहरू निर्माण गरिएको छ ।
- चालु आ.व.मा गाउँसभा र गाउँकार्यपालिकाबाट ४ वटा कार्यविधि र १ संसोधित कार्यविधि निर्माण भएको छ। सार्वजनिक सम्पत्तिको संरक्षण, अतिक्रमण नियन्त्रण र बजार अनुगमन तथा नियन्त्रण कार्य प्रभावकारी रूपले कार्यान्वियन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।
- चालु आर्थिक वर्षमा पूर्ण खोप सुनिश्चितता, एच.पी.भी. खोप अभियान, घर घरमा नसर्ने रोग सम्बन्धी रोगहरूको स्किनिङ्ग सम्पन्न गर्नुका साथै स्थानीय स्तरमा विभिन्न रणनीति तथा कार्यविधिहरूको निर्माणले संस्थागत मजबुतीको आधार निर्माण गरेको छ ।
- विभिन्न स्वास्थ्य संस्थाको भवन निर्माण सम्पन्न भई हस्तान्तरण गरिएको छ । सेवा प्रवाह र गुणस्तर सुधारका लागि नियमित मातृ शिशु सेवा, VIA स्क्रिनिङ, सुरक्षित गर्भपतन, क्षयरोग उपचार, मानसिक स्वास्थ्य परामर्श सेवा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ ।

- पालिकाको आफ्नै स्रोतवाट निर्माणाधीन दोवा अस्पताल जाने सडक, खिवाङ घराम्दि सडक,रुप्से झरनामा संरचना निर्माण लगायतका योजनाहरु आगामी आ.व. भित्र सम्पन्न हुने चरणमा रहेका छन् ।
- चालु आ.वमा करिव १.४ कि.मी. कच्ची सडक निर्माण सम्पन्न भएको छ । रणनीतिक महत्वका सडकहरू सम्पन्न हुने चरणमा रहेका छन् । हल्लेखर्क बैसरी कुरमुनी पोखरेवगर एक घर एक धारा खानेपानी आयोजना लगायतका अन्य ससाना खानेपानी आयोजना सम्पन्न भएका छन् । केहि आयोजना निर्माण कार्यको अन्तिम चरणमा रहेका छन् ।गोर्खा वेलफेयर ट्रस्ट नेपालको सहयोग र समुदायको साझेदारीमा १२ वटा खानेपानी परियोजना सम्पन्न भएका छन।
- आपतकालिन अवस्थामा लैङ्गिक हिंसाबाट प्रभावित, मनोसामाजिक समस्या लगायत विभिन्न जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालिका तथा किशोरीहरू लगायतलाई न्यायमा पहुँच अभिवृद्धि गरिएको छ । दशै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी अपाङ्गता मैत्री कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन् । चालु आ.व मा ९ जना अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण गरिएको छ ।
- गाउँपालिका माता र गाउँपालिका पिताको रूपमा ज्येष्ठ नागरिकहरूको लागि न्यानो कपडा वितरण तथा ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य शिविरहरू सञ्चालन गरिएको छ । दलित, जनजाति, लैङ्गिक अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई लक्षित गरी विविध कार्यक्रमहरू सञ्चालन गरिएको छ ।
- नेतृत्व विकास, कानुनी सचेतना, शैक्षिक सहजता जस्ता कार्यक्रमहरूलाई महिला लक्षित गर्दै महिलाको उद्यमशीलता, व्यावसायिकता र आर्थिक सशक्तीकरण तथा क्षमता विकासको बजेट लगानी गरिएको छ । चालु आ.व मा गाउँपालिका क्षेत्र भित्रका विपन्न तथा मध्यम आय भएका घरपरिवारको आवास निर्माण तथा मर्मत सम्भार कार्यको सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत बजेट परिचालन गरिएको छ ।
- कृषि कार्यलाई आधुनिकीकरण गर्न कृषि यान्त्रिकीकरणको लागि २१ थान हाते ट्याक्टरको वितरण गर्न सम्झौता गरिएको छ । साना र सीमान्त किसानलाई आर्थिक सहयोग पुयाइ परम्परागत गोरु पालन प्रणाली संरक्षण गर्ने, प्राङ्गारिक खेती बढाउने र स्थानीय अर्थतन्त्र सुदृढ बनाउने उद्देश्यका प्रोत्साहनमुखि कार्यक्रमहरु संचालन गरिएको छ। कृषकहरुका लागि सुन्तला १९०० र कागति ६५० बेर्ना वितरण गरिएको छ ।
- किसानहरूलाई सहज र प्रभावकारी सिँचाई सुविधा, बाली सघनतामा वृद्धि, खेती योग्य जमिन विस्तार र कृषि उत्पादकत्व वृद्धि गर्न यस आबमा गाउँपालिकाको ग्रामीण क्षेत्रमा उत्पादन भएका तरकारी तथा फलफूलजन्य उत्पादनहरूलाई गाउँमा नै सङ्कलन गरी कृषि एम्बुलेन्स मार्फत बजार क्षेत्रमा बस्ने उपभोक्ताहरूको घरदैलोसम्म पुर्याउने काम गरिएको छ । हालसम्म करिब १० टन कृषि उपज सङ्कलन तथा बिक्री वितरण गरिएको छ ।
- पशुपन्छीका लागि ४२ प्रकारका निःशुल्क औषधि वितरण, खोप तथा कृत्रिम गर्भाधान सेवा, पशुपन्छीमा लाग्ने रोग परीक्षण र गाउँपालिका क्षेत्रका ८५ वटा कुकुरको वन्ध्याकरण गरिएको छ । १०००

भन्दा वढि पशुहरूको रोग निदान गरिएको छ । पशुहरूमा उन्नत नस्लको विकास तथा बिस्तारका लागि कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ

- बाँझो जमिनमा घाँस प्रवर्द्धनको कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ ।कृषक समुहको साझेदारीमा गोठ तथा भकारो सुधार कार्यक्रम अन्तरगत करिब १०० वटा फर्मलाई सहायता प्रदान गरिएको छ । मागको आधारमा यान्त्रीकरणमा सहयोग कार्यक्रम अन्तर्गत कृषी तथा पशु फर्मलाई सहयोग गरिएको छ ।
- सहकारीहरूको क्षमता विकास कार्यक्रम अन्तर्गत विभिन्न चरणमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको छ । । बजार अनुगमनको कार्य प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । समस्याग्रस्त २ सहकारीको वित्तीय विश्लेषण गरी कारबाहीको प्रक्रियामा राखिएको छ ।
- अन्नपूर्ण डे को अवसर पारेर विविध पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । पर्यटन प्रबर्द्धनमा सघाउ पुग्ने गरी अन्नपूर्ण म्याराथन, साईकल रुटको विकास र प्रवर्धन लगायतका राष्ट्रिय मेला महोत्सवहरू सम्पन्न भएका छन् ।
- उज्यालो अन्नपुर्ण कार्यक्रम अन्तरगत महभिर देखि दाना सम्मको राजमार्ग आसपासका वजार क्षेत्रमा विद्युतिय सडक वत्ति राख्ने कार्य निर्माण प्रकृयाको अन्तिम चरणमा रहेको छ । पोखरेवगरमा सुविधासम्पन्न कवडहल निर्माण कार्य गरिएको छ ।।
- स्थानीय पाठ्यक्रमलाई समय सुहाउँदो बनाउन पाठ्यक्रम परिमार्जन गरी एग्रो टुरिजम र हस्पिटालिटी सम्बन्धी विषयवस्तुहरू थप गर्ने प्रक्रिया अगाडी बढाइएको छ । विगत आव देखि नेपाल सरकारले बजेट मार्फत घोषणा गरेको बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरूको पारिश्रमिकमा मासिक रकम थपगरी नेपाल सरकारले तोकेको न्युनतम श्रमिकको पारिश्रमिक भन्दा कम नहुनेगरी उपलब्ध गराइएको छ ।
- चालु आर्थिक वर्षमा श्रवण दृष्टिविहीन विद्यार्थीका लागि स्रोत कक्षा सञ्चालनमा ल्याइएको छ ।राष्ट्रपति रनिङ शिल्ड लगायत विद्यालय स्तरीय खेलकुद प्रतियोगिताहरू सम्पन्न गरिएका छन्।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणसँगै आजको अवस्थासम्म आइपुग्दा, गाउँपालिकाकाको समष्टिगत आर्थिक सामाजिक सूचकहरू निरन्तर सुधारोन्मुख र उत्साहजनक रहेका छन् । तथापि, जनआकाङ्क्षा अनुरूपको दीर्घकालीन दिगो र समावेशी लक्ष्य प्राप्तिका निम्ति संविधानप्रदत्त सङ्घीय र प्रादेशिक कानूनहरुको अभाव,अन्तर सरकार तथा अन्तर निकाय समन्वयको कमी तथा असिमित आकांक्षाका विचमा स्रोत साधनको कमि जस्ता कारणले नीतिगत एवम् संरचनात्मक सुधारका कार्यहरू बाँकी नै रहेका छन् ।अव म आगामी आर्थिक वर्षको वजेटका उद्देश्य हरु प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**बजेटका उदेश्यहरु**

आगामी आर्थिक वर्ष २०८३/०८४ को वजेटको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

१. सामाजिक र आर्थिक रुपान्तरण मार्फत समृद्ध अन्नपूर्ण गाउँपालिका निर्माण गर्ने,
२. कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी गाउँपालिकालाई कृषि उत्पादनमा आत्म निर्भरताका साथ निर्यात गरी आयआर्जनको माध्यम बनाउने,
३. पर्यटन क्षेत्रको बिकास, पर्यटन प्रवर्धन मार्फत आन्तरिक तथा बाह्य पर्यटक भित्र्याई पर्यटनको माध्यमबाट समग्र गाउँपालिका बासीको आर्थिक स्तर अभिवृद्धि गर्ने,
४. सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता, जवाफदेहिता र उत्तरदायित्व कायम गराउने,
५. आर्थिक विकास, गरिवी निवारण, सामाजिक न्याय र समतामूलक विकासको अवधारणालाई अगाडि बढाउदै अन्नपूर्ण बासी जनताको जीवनस्तरमा अभिवृद्धि गर्ने,
६. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजना तथा कार्यक्रम संचालन गरी जनताको जीवनस्तर अभिवृद्धि गर्ने,
७. दिगो र सन्तुलित विकास, वातावरणीय संरक्षण, तथा सम्वर्द्धन गर्दै दिर्घकालिन विकासको अवधारणालाई सघाउ पुर्‍याउने,
८. आर्थिक अनुशासन तथा वित्तिय सुशासन कायम गर्ने,
९. "समृध्द अन्नपूर्ण निर्माणको आधार:दिगो कृषी पर्यटन उर्जा र उत्थानशिल पुर्वाधार" को दीर्घकालिन योजना तय गरि कार्यान्वयन गर्ने
१०. "समृद्ध अन्नपूर्ण, सुखी र खुसी अन्नपूर्ण बासी" भन्ने अभियानलाई सार्थक बनाउनका लागि श्रम, सिप, प्रबिधि र पुँजीको ब्यबस्थित परिचालन गर्ने,
११. आफ्नो टोल वडा मार्फत अन्नपूर्ण गाउँ हामी आफैं बनाउँ अभियान सञ्चालन गरी समृद्ध अन्नपूर्ण निर्माणको लागि जागरण ल्याउने,

**वजेटका प्राथमिकताहरू**

सम्मुनत र समृद्ध अन्नपूर्ण निर्माणका लागि अन्नपूर्ण गाउँपालिकाले अनुशरण गरेको "समृध्द अन्नपूर्ण निर्माणको आधार:दिगो कृषी पर्यटन उर्जा र उत्थानशिल पुर्वाधार" भन्ने दिर्घकालीन दृष्टिकोणलाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०८३/०८४ को वजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु।

१. दिगो र गुणस्तरीय पूर्वाधार निर्माण र पर्यटन क्षेत्रको प्रवर्द्धन,
२. आर्थिक क्षेत्रको सुदृढीकरण, लगानीमैत्री वातावरण निर्माण र राजस्व क्षेत्रको व्यवस्थापन,
३. कृषि क्षेत्रको व्यावसायिकरण, यान्त्रिकीकरण र बजारीकरण,
४. डिजिटल शासन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन प्रवर्द्धन,
५. मानव संशाधन विकास र रोजगारी सिर्जना,
६. वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन,
७. जनस्वास्थ्य, सामाजिक न्याय र समावेशी विकास ।
८. कृषि क्षेत्रमा आधुनिकीकरण, यान्त्रिकरण र व्यवसायीकरण गर्ने,

९. अनुदान कार्यक्रम मार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

**श्रद्धेय अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

म आगामी आ.व.को बजेट प्रस्तुत गर्नु भन्दा अगाडि गत आ.व. २०८१/०८२ को यथार्थ आय व्यय विवरण र चालु आ.व. २०८२/०८३ को संशोधित आय व्यय को विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु।

| **प्रगती विवरण** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **आ.ब.२०८१/०८२को यथार्थ खर्च** | **प्रगति विवरण** | **आ.ब.२०८२/०८३ को संसोधित अनुमान** | **हालसम्मको प्रगती प्रतिशत** |
| १ | **चालु खर्च** | ३४,९२,९०,०००।- | ८६.२१ % | ३७,७४,६२,४३५।- | ५९.६८% |
| २ | **पुजिगत खर्च** | १९,९१,५३,०००।- | ५०.३७% | २३,६५,४०,३५८।- | ३२.३२% |
| **जम्मा** | | ५४,८४,४३,०००।- | ७३.१९% | ६१,४०,०२,७९३।- | ४६ % |

अब म यस अन्नपूर्ण गाउँपालिकालाई आगामी आ.व. २०८३/०८४ को लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट कायम हुन आएको कुल वजेट रकम रु. ६११४६९४४०।- को शिर्षकगत आय विवरण देहाय बमोजिम प्रस्तुत गरेको छु। गत विगत आर्थिक वर्षको यथार्थ वित्तिय प्रगतीको समिक्षाका आधारमा आगामी आर्थिक वर्ष २०८३/०८४ मा वित्तिय प्रगती ९० प्रतिशत पुग्ने लक्ष्य लिएको छु।

आ.ब. २०८३/०८४ को आय व्यय अनुमान

| आ.ब. २०८३/०८४ को आय व्यय अनुमान | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | आय तर्फ | रकम रु | क्र.स. | व्यय तर्फ | रकम रु |
| १ | संघिय समानिकरण | ९,४२,००,०००।- | १ | संघिय शसर्त अनुदान | २३,८५,००,०००।- |
| २ राजस्व बाँडफाँड | | ११,००,०६,०००।- | | | |
| ३ | संघिय समपुरक अनुदान | ३०,००,०००।- | २ | कार्यालय संचालन तथा प्रशासनिक खर्च लगायत कार्यपालिका कार्यालय तर्फ | २३,११,४०,९८०।- |
| ४ | संघिय विशेष अनुदान | ० | ३ | विषयगत खर्च | ५,४४,६७,९६०।- |
| ५ | संघिय शसर्त अनुदान | २३,८५,००,०००।- | ४ | वडागत विनियोजन | ८,७३,६०,५००।- |
| ६ | प्रदेश समानिकरण | ९६,५५,०००।- | ५ | | |
| ७ | प्रदेश राजश्व बाँडफाँड | १,०८,१८,०००।- | ६ | | |
| ८ | प्रदेश समपुरक अनुदान | ६०,००,०००।- | ७ | | |
| ९ | प्रदेश शसर्त अनुदान | ० | ८ | | |
| १० | प्रदेश विशेष अनुदान | ३०,००,०००।- | ९ | | |
| ११ | आन्तरिक आय | २,५०,००,०००।- | १० | | |
| १२ | गत वर्षको अल्या | ९,१२,९०,४४०।- | ११ | | |
| १३ | रोयल्टी | २,००,००,०००।- | १२ | | |
| जम्मा | | ६१,१४,६९,४४०।- | जम्मा | | ६१,१४,६९,४४०।- |

**श्रद्धेय अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

माथि उल्लेखित प्रस्तावित आयको विवरण अनुसारको आगामी आ.ब २०८३/०८४ को व्ययको लागि विषयगत समिति अन्तर्गत क्षेत्रगत बाँडफाँड देहाय बमोजिम हुने गरी प्रस्ताव गरेको छु।

अव म, यो सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**संस्थागत विकास तथा सुशासन तर्फः**

१. सेवाको पहुँचबाट विमुख ग्रामीण क्षेत्रमा रहेका नागरिकहरूलाई लक्षित गरी ग्रामीण तथा विकट क्षेत्रमा सम्भाव्य सेवाहरू घरदैलो मै प्रदान गर्ने गरी घुम्ती शिविर सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छ । महिला दलित लगायत लक्षित वर्ग , पालिकामा कार्यरत कर्मचारी, जनप्रतिनिधि र सञ्चारकर्मीहरू समेतको विषयगत क्षेत्रको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्न तालिम र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न रु.४० लाख विनियोजन गरेको छ ।

२. गाउँपालिकाबाट प्रवाह गरिने सेवा तथा सुविधाहरू, कर्मचारी र सेवाग्राही बिचको कार्य व्यवहार, सेवा प्राप्त गर्न लागेको समय, सेवा बापतको मूल्य, परिमाण तथा गुणस्तरका सम्बन्धमा सेवाग्राहीसँग राय प्रतिक्रिया माग गर्नका लागि सूचकहरूमा आधारित सेवाग्राही सन्तुष्टि फारम भर्न लगाई प्रतिवेदन लिइने छ । यस कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।गाउँपालिका वा सो अन्तर्गतका कार्यलयमा कार्यरत करारका कर्मचारी र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकको लागी योगदानमा आधारित सामाजिका सुरक्षा कोषमा साक्षेदारिका लागी रु २५ लाख वजेट विनियोजन गरेको छु।

३. गाउँपालिकामा सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ बमोजिम सुशासन प्रवर्धनका लागि सूचना माग गर्ने सरोकारवाला सेवाग्राहीलाई प्राथमिकतापूर्वक सूचनाहरू उपलब्ध गराइएको छ । चालु आर्थिक सूचनाको हक सम्बन्धी जनचेतना जगाउन र सुचना अधिकारीहरुको क्षमता विकास आवश्यक विनियोजन भएको छ ।

४. सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम खरिद प्रक्रियालाई व्यवस्थित, प्रविधिमैत्री र सरल तथा सरोकारवालाको पहुँचयोग्य बनाउन खरिद कार्यमा संलग्न जनशक्तिलाई क्षमता विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

५. विपद् व्यवस्थापन कार्यमा खटिने जनशक्तिहरूको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । विपद् जोखिम न्यूनीकरण, विपद् पूर्व तयारी, राहत, उद्धार, प्रतिकार्य र पुन स्थापना लगायतका लागि एकमुस्ट विपद व्यवस्थापन कोषमा रु.३० लाख विनियोजन गरेको छ ।

६. न्यायिक समितिका काम कारवाहीहरुलाई व्यवस्थित गर्दै गाउँपालिकाको आवश्यकता बमोजिम आवश्यक ऐन कानुन निर्माण र मुद्दाको फैसला कार्यान्वयन, सामाजिक मेलमिलापकर्ताहरूको अभिमुखीकरण, कानुनी सचेतना अभिवृद्धि लगायत कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७. पालिका क्षेत्रमा हुने अवैध कार्यहरू नियन्त्रणका लागि कानुन कार्यान्वयनमा नेपाल प्रहरीको अनुगमन कार्यलाई प्रभावकारी बनाउन प्रहरीहरूको लागि आवश्यक सुरक्षा सामग्री खरिद र दुर्घटना बिमा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।कर्मचारिको योगदानमा आधारित निवृतिभरण तथा उपदानकोषको लागी रु १७ लाख वजेट विनियोजन गरेको छु।

८. राजश्व परिचालनलाई प्रभावकारी बनाउँदै करको दायरा विस्तार गर्ने नीति बमोजिम सम्पत्ति तथा मालपोत करको दरमा एकरूपता ल्याउन मालपोत तथा नापी कार्यालयसँग आवश्यक समन्वय गरिनेछ । भुक्तानी प्रणालीलाई कर सूचना प्रणाली र भू-सूचना प्रणालीमा आबद्ध गर्दै डिजिटल प्रणाली मार्फत राजश्व भुक्तानी गर्ने व्यवस्था मिलाएको छु ।

९. वालमैत्रि स्थानिय तह घोषणा गर्ने कार्यका लागी रु १० लाख वजेट विनियोजन गरेको छु । यसै आर्थिक वर्षमा पालिकालाई वालमैत्रि तथा वालश्रम मुक्त पालिका घोषणाका लागि प्रयाप्त वजेट विनियोजन गरेको छु।

१०. वालविवाह न्युनिकरण तथा बिद्यालयहरुमा शारिरिक तथा मानसिक यातना सम्वन्धी अभिमुखिकरण तथा सडक नाटक कार्यक्रमका लागी रु ४ लाख वजेट विनियोजन गरेको छु। छोरि शिशु जन्म प्रोत्साहन कार्यक्रमको निरन्तरताको लागी आवश्यक वजेट विनियोजन गरेको छु।

११. सामुदायिक विद्यालयको आधारभुत तह कक्षा ६,७,८ मा अध्ययनरत विद्यार्थिको लागि पोषणयुक्त दिवा खाजा अनुदानका लागी रु १२ लाख वजेट विनियोजन गरेको छु ।

१२. राजस्व असुलीलाई प्रभावकारी बनाउन स्थलगत अनुगमन गरी व्यवसाय दर्ता नियमन तथा दण्ड जरिवाना कार्यान्वयन गर्न राजस्व गस्ती टोली परिचालनको व्यवस्था मिलाइने छ । आन्तरिक आय विस्तारको लागि गाउपालिका क्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरूलाई गाउँपालिका मातहत ल्याई पर्यटन शुल्क सङ्कलन गर्ने प्रक्रिया अगाडी बढाइने छ ।सो कार्यका लागी आवश्यक वजेट विनियोजन गरेको छु।

१३. गाउँकार्यपालिका कार्यालयका विषयगत शाखाहरुवाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागी रु ५ करोड ४४ लाख वजेट विनियोजन गरेको छु। भने वडागत योजना तथा कार्यक्रमका लागी रु ८ करोड ७३ लाख वजेट विनियोजन गरेको छु यो वजेट हामिले विनियोजन गर्ने सशर्त अनुदान वाहेकको रकमको करिव ३५ प्रतिशत भन्दा वढि हुन आउँछ।

**ग्रामिण विकास, पर्यटन, वन तथा वातावरण तर्फः**

१४.उज्यालो वजार क्षेत्र कार्यक्रमलाई यस आ.ब. मा पनि निरन्तरता दिएको छु कार्यक्रम अन्तर्गत महभिर पोखरेवगर तातोपानी तथा दानामा स्ट्रिट लाईट जडानका लागी रु.१५ लाख विनियोजन गरेको छु ।

१५. गाउँपालिकाको प्रशासकिय भवन निर्माणका लागी यसै आ.ब. मा जग्गा प्राप्तिको कार्य सम्पन्न गरि आगामि आ.ब.मा निर्माण कार्यको थालनी गरिने छ। पालिका प्रशासकिय भवनको विस्तृत परियोजना प्रतिवेदन लगायत अन्य आवश्यकिय पुर्वाधार निर्माणका लागी आगामि आ.ब.का लागी रु २ करोड वजेट विनियोजन गरेको छु। प्रशासकिय भवन निर्माणमा स्रोतको अभाव नहुने गरि स्रोतको सुनिश्चतताको व्यवस्था मिलाएको छु।

१६. अन्नपूर्ण गाउँपालिका र गण्डकि प्रदेश सरकार संगको साझेदारीमा निजि जग्गामा रहेको सडकको लगतकट्टाको लागी अध्ययनको लागी रु १० लाख वजेट विनियोजन गरेको छु। मोटरवाटो मर्मत तथा

सरसफाईका लागी रु १० लाख वजेट विनियोजन गरेको छु ।घराम्दि खिवाङ्ग सडकका लागी एकमुष्ट रु ५० लाख वजेट विनियोजन गरेको छु।

१७. अन्नपुर्ण गाउपालिकाको समग्र भाषा संस्कृति र जिवनशैलिलाई समेटेर अन्नपूर्ण डकुमेन्ट्रि निर्माणका लागी वजेट विनियोजन गरेको छु।स्वच्छ पुनहिल कार्यक्रम,नार्च्याङ्ग झरना, महभिर झरनामा पुर्वाधार निर्माण,रुप्से झरनामा पर्यटन पुर्वाधार निर्माण लगायतका योजनामा वजेट विनियोजन गरेको छु ।

१८. भुरुङ तातोपानि कुण्डलाई गाउँपालिकाको परिचयाक हवको रुपमा र गाउँपालिकाको आन्तरिक आम्दानीको एक प्रमुख स्रोतको रुपमा विकास गर्न भुरुङ तातोपानि कूण्डमा आवश्यक पुर्वाधार निर्माणका लागी संघिय समपुरक र गाउँपालिकाको योगदान रहनेगरी एकमुष्ट रु २ करोड ३० लाख वजेट विनियोजन गरेको छु।यो आयोजना रणनैतिक महत्वहको योजनाका रुपमा प्राथमिकतामा राखि संचालन गरिनेछ।

१९.ग्रामिण सडकको रुपमा रहेको घारा देखि खिवाङ सडकका लागी रु २० लाख विनियोजन गरेको छु।महभिर झरनामा पुर्वाधार निर्माणका लागी रु १० लाख वजेट विनियोजन गरेको छु।

२०. गाउँपालिकामा स्वास्थ्य सेवा प्रदान गर्न चिकित्सकको व्यवस्था गर्न तलव भत्ताको लागी रु १५ लाख विनियोजन गरेको छु।महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन खाजा तथा स्वास्थ्य विमा कार्यक्रमका लागी रु ९ लाख र गाउँपालिका द्वारा निशुल्क वितरणको लागी औषधि तथा उपकरण व्यवस्थापनका लागी रु २० लाख वजेट विनियोजन गरेको छु।

२१. एक विद्यालय एक स्वास्थ्यकर्मि कार्यक्रम संचालन गरिनेछ त्यस कार्यक्रमका लागी वजेट व्यवस्था गरेको छु।योग तथा स्वास्थ्य शिविर संचालनका लागी आवश्यक स्रोतको सुनिश्चितता गरेको छु।स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु।स्वास्थ्य तर्फ शशर्त तर्फ वाहेक गापा वाट स रु ६७ लाख ५४ हजार विनियोजन गरेको छु ।

### कृषि तथा पशु सेवा तर्फ

२२. पशुपंक्षीका लागि औषधि खरिद तथा निशुल्क वितरणका लागी औषधि खरिदका लागी प्रयाप्त वजेटको प्रवन्ध गरेको छु ।घाँसका विउ,वेर्ना वितरणमा ८५ प्रतिशत अनुदानको व्यवस्था मिलाएको छु।पशुनक्ष सुधार तथा कृतिम गर्भाधान कार्यक्रमलाई प्राथमिकताका राखेर विनियोजन गरेको छू ।उत्पादनमा आधारितप्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएको छु।

२३. एक वडा एक पशुजन्य उत्पादन कार्यक्रम र कुकुर वन्धाकरण कार्यक्रमलाई निरन्तरता दिएको छु । भकारो तथा गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिदै कार्यक्रममा ७५ प्रतिशत अनुदानको व्यवस्था मिलाएको छु।पशु सेवा कार्यक्रमहरुमा एकमुस्ट रु ५४ लाख ६० हजार विनियोजन गरेको छु।

२४. कृषकको माग र आवश्यकतामा आधारित यान्त्रिकरण सहयोग कार्यक्रममा ५० प्रतिशत अनुदानको व्यवस्था मिलाएको छु। फलफुल बगैचा सुदृढिकरण कार्यक्रमलाई निरन्तरता दिएको छु कृषकहरुका लागी अध्ययन अवलोकन भ्रमणका लागी रु ७ लाख वजेट विनियोजन गरेको छू ।कृषि विकास तर्फ एकमुस्ठ रु६१ लाख ५० हजार वजेट विनियोजन गरेको छू ।

२५. सुन्तला वगैचाको नमुना संकलन सम्प्रेषण तथा कृषी तथा पशु स्वास्थ्य शिविर संचालनका लागी प्रयाप्त रकम विनियोजन गरेको छु।

२६.गाउँपालिकाका अन्य विषयगत शाखावाट कार्यान्वयन हुनेगरि विभिन्न कार्यक्रमका लागी आवश्यक वजेट विनियोजन गरेको छु। ८ वटै वडा कार्यालयहरुको सिफारिसमा विभिन्न कार्यक्रम तथा योजनामा खर्च हुनेगरि रु ८ करोड ३६ लाख ६० हजार विनियोजन गरेको छु।

**श्रद्धेय अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु**

अन्नपूर्ण गाउँपालिकाको समग्र विकासको खाका तयार गर्नका लागि नीति कार्यक्रम तथा वजेट तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुर्याउनुहुने हाम्रो गाउँपालिकाका श्रद्धेय अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा गाउँपालिका बासी दाजुभाइ, दिदी बहिनीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

गाउँपालिकाको आ.व. २०८२/०८३ लगायत गत विगत वर्षका वजेट तथा कार्यक्रम सफल कार्यान्वयनका लागि अहम भुमिका खेल्नु हुने जनप्रतिनिधीज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु र सम्वन्धीत सवै पक्षमा हार्दिक आभार व्यक्त गर्दछु साथै आगामि आ.ब. २०८३/०८४ को वजेट कार्यान्वयनमा समेत यहाहरुको साथ सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद

दिवा पुन

२०८३/०३/१०